नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
## ओखलढुङ्गा

Website: daookhaldhunga.moha.gov.np
Email : daookhaldhunga@gmail.com

प्र.जि.अ.:- ०३७ - ५२०१३३
स.प्र.जि.अ.:- ०३७ - ५२०१३१
प्रशासन:- ०३७ - ५२०१३२
फ्याक्स:- ०३७ - ५२०१८२
हटलाईन- ०३७ - ५२०७३३

पत्र संख्या. २०७७/०७८
चलानी नं.-

मिति :- २०७७/१२/११

जिल्ला प्रशासन कार्यालय ओखलढुङ्गाबाट जारी गरिएको सूचना ।

(जरुरी सूचना)

नेपाल् सरकार गृह मन्त्रालयको च.नं. २८६७ मिति २०७७/१२/०९ को पत्रमार्फत हाल कोभिड-१९ को प्रकोप छिमेकी मुलुक भारतमा थप क्रियाशील भई संक्रमितको दर बढ्दै गएको र मृत्युदरमा समेत वृद्धि भएको सन्दर्भमा खुला सीमाको कारण सीमानाकाहरुबाट मानिसहरुको आवतजावत बढी भएको देखिएकाले आम नागरिकलाई सहज र सतर्क रही जनस्वास्थ्य मापदण्ड पालना गर्न/गराउन लेखि आएकाले जिल्ला संकट व्यवस्थापन केन्द्रको मिति २०७७।१२।११ को बैठकको निर्णयानुसार यस जिल्लामा कोभिड-१९ को संक्रमण बढ्न नदिन तपसिलबमोजिम गर्न गराउन हुन सम्बन्धित सबै सरोकारवालाहरूमा अनुरोध गरिन्छ।

१. आउँदै गरेको फागु पूर्णिमा (होली) को अवसरमा भिडभाड नगरी सामाजिक दूरी कायम गरी होली मनाउने।
२. सबै कार्यालय/निकाय/संघ/संस्थाले सेवा प्रवाहको क्रममा सेवा प्रदायक तथा सेवाग्राही सबैले Mask अनिवार्य रुपमा प्रयोग गर्ने ।साथै समय समयमा Sanitizer लगाउने, साबुन पानीले हात धुने तथा सामाजिक दुरीको व्यवस्था मिलाउने ।
३. सबै किसिमका बैठक, सेमिनार, गोष्ठी गर्नु पर्दा भर्चुअल माध्यमबाट गर्ने। अत्यावश्यक कार्यको लागि बैठक, सेमिनार गर्दा सामाजिक दूरी तथा स्वास्थ्य सम्बन्धी मापदण्डको अनिवार्य पालना गर्ने।
४. रात्रीकालीन समयमा सञ्चालन हुने व्यवसायको सन्दर्भमा जनस्वास्थ्यका मापदण्ड तथा सामाजिक दूरी पालना गर्ने गरी बेलुका ७ बजेसम्म मात्र सञ्चालन गर्ने।
५. विदेशबाट यस जिल्लाभित्र प्रवेश गर्ने व्यक्तिहरूको अभिलेख सम्बन्धित स्थानीय तहले राखी सोको जानकारी जिल्ला प्रशासन कार्यालयलाई उपलब्ध गराउने । साथै यसरी प्रवेश गर्ने व्यक्तिहरूलाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मापदण्ड अनुसार अनिवार्य रुपमा होम क्वारेन्टिनमा बस्ने व्यवस्था मिलाउने ।
६. घरबाहिर निस्कनु परेमा अनिवार्य मास्क लगाउने लगायतका जनस्वास्थ्य सुरक्षाका मापदण्डहरुको पालना गर्ने तथा गराउने ।
७. माथी उल्लेखित शर्तहरु पालना नगर्ने व्यक्तिलाई नियन्त्रणमा लिई संक्रामक रोग ऐन, २०२० बमोजिम कारवाही हुने ।

२०७७।१२।११
मनिता कार्की
स.प्र.जि.अ.